पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

घर नक्सा शाखाद्वारा सम्पादित हुने मुख्य कार्यहरु

१. पोखरा महानगरपालिका भित्रका सम्पूर्ण नक्सा पास सम्बन्धी कार्यहरु ( १००० sq ft सम्म plinth क्षेत्रफल भएका र ३तला सम्मका भवनहरु वडा कार्यालयबाट र सो भन्दा माथी शाखा द्वारा हुने)

- नक्सा दर्ता ( महानगरपालिकामा सूचिकृत परामर्शदाता हरुबाट डिजाईन गरी पेश भई घर नक्साको कम्प्यूटर प्रणाली EBPSमा प्रविष्ठ गर्नुपर्ने , structural design र Soil test report चाहिने भएमा सो समेत राख्नुपर्ने )
- कागजात निरिक्षण ( कम्प्यूटर प्रणाली EBPSमा प्रविष्ठ भएका नक्साहरुलाई रजिष्टेशन डेक्सबाट सम्बन्धित कर्मचारी द्वारा सम्पुर्ण कागजातहरुको चेकजाच गरी पोखरा महानगरपालिकाको भवन तथा पूर्वाधार निर्माण मापदण्ड २०८० र सोको संशोधन २०८१ अनुसारको मापदण्ड लगाइ आर्थिक ऐन द्वारा तोकीएको ( वडा, सडक, बाटो वर्ग मिटर आदिको आधारमा फरक फरक राजश्व लाग्ने, राजश्व दाखिला राजश्व शाखाबाट)
- १५ दिने सूचना ( साँध सधियारको नाममा १५दिने सूचना वडा कार्यालयको छापलागाई निर्माण स्थलमा सूचना टाँस गर्नुपर्ने )
- सर्जमिन मुचुल्का ( सूचना टाँसको र सर्जमिन मुचुल्का सूचना टाँस गरिएको १५ दिन पछी गराउनुपर्ने )
- नक्सा प्रमाणित( निर्माण स्थल र नक्सा सम्बन्धीत वडा कार्यालय/ शाखाका प्रविधीकहरुले नक्सा चेकजाच गर्ने )
- अस्थाई ईजाजत पत्र ( नक्सा प्रमाणित भैसके पछी अस्थाई ईजाजत प्रत्रको मितिले २ वर्ष भित्र निर्माण सम्पन्न गरिसक्नु पर्छ नसकेको खण्डमा आर्थिक ऐन अनुसार तोकिएको दस्तुर तिरी नविकरण गरि थप २वर्षको समय उपलब्ध हुन्छ ।
- स्थाई ईजाजत पत्र ( अस्थाई ईजाजत पत्र प्राप्तगरिसकेपछी डि.पि.सी लेवल सम्म निर्माण गरी निर्माण स्थल निरिक्षणको निम्ती निवेदन पेश गर्नु पर्दछ, निरिक्षण पश्चात शाखा प्रमुखबाट प्रमाणित गरी परामर्शदाताहरुले निर्माणको रिपोर्ट लगायतका आवश्यक कागजातहरु EBPS मा प्रविष्ट गर्नुपर्ने स्थाई ईजाजत पत्र प्राप्त भए पश्चातमात्र डि.पि.सि. लेवल भन्दामाथि निर्माण गर्नुपर्ने)
- नक्सा संशोधन ( प्रमाणित नक्सा संशोधन गर्नु परेमा आर्थिक ऐन अनुसार दस्तुर दाखिला गरी नक्सा संशोधन गर्न सकिने )
- पूर्ण रुपमा घर / भवन निर्माण भए पश्चात स्थलगत निरिक्षणको निम्ती निवेदन दिनुपर्ने

सहायक प्रशासकीय अधिकृत छैटौं

सिनियर ईन्जिनियर

- सम्पन्न पत्र ( प्राविधिक स्थलगत निरिक्षण गरी सकेपछी परामर्सदाताहरुले पूर्ण रिपोर्ट सगै भवन/ घर पुर्ण भएको फोटो EBPS मा प्रविष्ट गरे पश्चात घरकायमको दस्तुर दाखिला गरी निर्माण सम्पन्न दिईने )

२. नक्सा नामसारी

- निवेदन ( निवेदकबाट प्राप्त निवेदनसगै तिरो तिरेको रसीद ,सम्पन्न प्रमाणपत्रको छाँयाप्रति,मालपोत कार्यालयबाट प्राप्त लिखत सगै पेश गर्ने )
- चेकजाच ( सम्पन्न र लालपूर्जामा रहेको कित्ता चेकजाच गर्ने यदी नमिलेमा नापी कार्यालयबाट फिल्डबुक उतारगरी ल्याउनु पर्ने )
- नामसारी गरी सोको जानकारी पत्र सम्बन्धीतलाई प्रदान गर्ने
- साबीक लेखनाथ नगरपालिका र पोखरा उप-महानगरपालिका सम्पन्न प्रमाण पत्र लिनु नपर्ने समय (पोखरा उप-महानगरपालिका २०५०/०५१ भन्दा अगाडी र लेखनाथ नगरपालिका २०५८/०५९ भन्दा अगाडी ) का भवनहरुको हकमा सो समयमा भएको सडक मापदण्ड छाडी निर्माण भएकालाई सोही स्वीकृती कागजातलाई नै स्वीकृत प्राप्त तला सम्म सम्पन्न प्रमाण पत्र मानिने छ भने नापजाँचको लागि वडा प्राविधीकमा जानु पर्ने ,
- नापजाच भै आएपश्चात नामसारी गरी सोको जानकारी पत्र सम्बन्धीतलाई प्रदान गर्ने

३. नक्सापास गर्दा आवश्यक कागजातहरुः

- लालपुर्जाको फोटोकपी
- तिरो तिरेको रसिद
- नागरिकताको फोटोकपी
- सुचिकृत डिजाईनरबाट पेश गरीएको नक्सा
- A3 size को जग्गाको प्रमाणित नापी नक्सा सक्कल
- जग्गा धनीको पासपोर्ट साईजको फोटो

सहायक प्रशासकीय
अधिकृत कैटौं

सिनियर ईन्जिनियर